# चैनपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## चैनपुर, संखुवासभा
## कोशी प्रदेश

**नदिजन्य पदार्थको संकलन गर्ने ठेक्का बन्दोबस्ती सम्बन्धी १५ दिने सूचना।**

**प्रकाशित मिति २०८२/१०/१४**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ उपदफा २ को खण्ड घ को(६) सोहि ऐनको दफा ६२ क १ र चैनपुर नगरपालिकाको स्वीकृत पारम्भिक बातावरणीय परिक्षण (IEE) प्रतिवेदन र नगर कार्यपालिकाको मिति २०८२/१०/१३ गते बसेको बैठकको निर्णय अनुसार दरभाउपत्र कागजातमा उल्लेखित सर्त अनुसार आ.व. २०८२/०८३ का लागी यस नगरपालिका क्षेत्र भित्र बाट बग्ने नदीको तोकिएको क्षेत्र बाट नदीजन्य पदार्थ उत्खनन् तथा विक्री सम्बन्धी ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकाले ईच्छुक ब्यक्ति वा फर्म/कम्पनिहरुले तोकिएको अबधि भित्र रितपूर्वकका सिलबन्दी दरभाउपत्र पेश गर्न आह्वान गरिएको छ।

| क्र.स | ठेक्का नं. | बोलपत्रको नाम | उत्खनन् परिमाण (घ.मि.) | | | न्यूनतम ठेक्का रकम रु.(मू.अ.कर.बाहेक | धरौटी रकम | बोलपत्र दस्तुर(रु.) |
|---|---|---|---|---|---|---|---|---|
| | | | वालुवा | गिट्टी | ढुंगा | | | |
| १. | एन.सि.बी/राजश्व ०७/०८२/०८३ | आन्तरिक आय तर्फको अरुंण खोला (खहरे नांका) | ३७५ | ६२५ | २५० | २,६४,८६२/५० | १३,२५०।- | १०००।- |

**ठेक्का सम्बन्धी शर्त तथा बन्देजहरुः-**

१.दरभाउपत्र फारम खरिद गर्दा व्यक्ति भएमा नेपाली नागरिक्ता प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी भएमा, फर्म दर्ता प्रमाणपत्र,नविकरण भएको दर्ता प्रमाणपत्र,मूल्य अभिवृद्धि कर तथा आ.व.०८१/०८२ को कर चुक्ताको प्रमाणित प्रतिलिपि, दरभाउपत्र फारम दस्तुर बापत यस कार्यालयमा नगदी तिरेको वा राष्ट्रिय बाणिज्य बैंक,शाखा कार्यालय चैनपुरमा रहेको यस कार्यालयको आन्तरिक राजस्व खाता नं.२०३०१००३०१०१०००२ को राजस्व शिर्षक नं. १४२२९ मा नगद जम्मा गरेको सक्कल भौचर साथ निबेदन पेशगरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ औं दिनको कार्यालय समयभित्र यस कार्यालयबाट खरिद गर्नु पर्ने छ। साथै दरभाउपत्रदाताले तोकिएको दरभाउपत्र दस्तुर यस कार्यालय वा यस कार्यालयको माथी उल्लेखित खाता नं.मा जम्मा गरेको भौचरलाई दरभाउपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्ने छ। दरभाउपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको लगत्तै पछि कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ।

२.दरभाउपत्र सम्बन्धी फारम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। माथि उल्लेखित धरौटी रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैँक,शाखा कार्यालय चैनपुरमा रहेको खाता नं.२०३०१००३०३०००००२ मा जम्मा गरि सो को सक्कल बैक भौचर वा नेपाल राष्ट्र बैकबाट इजाजत प्राप्त कमर्सियल बैकबाट यस कार्यलयका नाममा दरभाउपत्र नं. र नाम र उल्लेख गरि कम्तिमा ९० दिनको म्याद भएको जमानत(विडवन्ड) पेश गर्नुपर्नेछ।

३. खरिद गरेको दरभाउपत्र फारमहरुमा उल्लेख भएका सवै विवरणहरु भरि दरभाउपत्रदाताले सवै पानामा सहिछाप गरि सूचना प्रकाशित मितिले १६ औ दिन दिनको १२ बजे भित्र कार्यालयमा बुझाई सक्नुपर्नेछ।

४. एक फर्म वा कम्पनीको नाममा खरिद गरिएको दरभाउपत्र अर्को फर्म वा संस्थाको नामाबाट दाखिला गर्न पाईने छैन। रीतपूर्वक पर्न आएका दरभाउपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २ बजे देखि कार्यालयमा प्रतिनिधि,निर्माण व्यवसायी वा निजहरुको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ। साथै दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरु समयमा उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन बिदा परेमा सो कार्य विदा लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ।

५. दरभाउपत्र सम्बन्धी बिस्तृत जानकारी दरभाउपत्र सम्बन्धी फारममा उल्लेख गरिएको,
हुँदा सोहि पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ। म्याद नाघी,रीत नपुगी वा सर्त सहित पेश हुन आएमा दरभाउपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन। दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पुर्ण अधिकार यस कार्यालयलाई सुरक्षित रहनेछ।

६. दरभाउपत्र स्वीकृत भएमा सोको सूचना पाएको मितिले १५ दिन भित्र मू.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको भ्याट समेतको सम्पर्ण रकम अग्रिम रुपमा यस कार्यालयको खाता बिभाजीय कोषको खाता नं.२०३०१००३०६०१०००२ को दहत्तर बहत्तर शुल्क शिर्षक नं. ३३३६६ मा अनिवार्य बुझाउनु पर्नेछ।।

७. तोकिएको म्याद भित्र सम्झौता गर्न नआएमा राखिएको धरौटी रकम जफत गरी दोस्रो संग नियमानुसार सम्झौता गरिनेछ। यस नगरपालिका नदि तथा नदिहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिणामका सन्दर्भमा IEE प्रतिवेदन स्थानिय सरकार संचालन ऐन,२०७४,सम्बन्धित स्थानिय तहबाट जारी कानून, प्रदेश कानून तथा प्रचिलत कानून वा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको वातावरणी अध्ययन प्रतिवेदन यस वोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ।

८. यस ठेक्काको अवधि २०८३ साल जेष्ठ मसान्त सम्म हुनैछ। ठेकेदारले कुनै कारण देखाई ठेक्काको रकममा मिनाहा, छुट, हर्जना, सहुलियत माग गर्न पाइने छैन।

९.बोलपत्र फारम र यस सूचनामा उल्लेख भएका कुराहरुको हकमा यसै अनुसार र यसमा उल्लेखित नभएका व्यहोराहरुको हकमा सार्वजनिक खरीद ऐन २०६३ र सार्वजनिक खरीद ऐन नियमावली २०६४ अनुसार हुनेछ। बोलपत्र सम्बन्धि थप बुझ्न परेमा कार्यालयमा सम्पर्क गर्नु पर्नेछ।

ओमकार प्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत